# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ बमोजिमको विवरण निम्नानुसार रहेको छ ।

सूचना सार्वजनिक गर्ने निकायको नाम : **लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
सूचना सार्वजनिक गरेको अवधि : **०१/०४/२०८२ देखि ३१/०६/२०८२**

**१. निकायको स्वरुप र प्रकृति** :
लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड तत्कालिन कम्पनी ऐन २०५३ बमोजिम पब्लिक कम्पनीको रुपमा स्थापना भई नेपाल बीमा प्राधिकरणबाट स्वीकृती प्राप्त जीवन बीमा कम्पनी हो ।

**२. निकायको काम, कर्तव्य र अधिकार**:
यस कम्पनीको काम कर्तव्य र अधिकार बीमा ऐन २०७९ र बीमा नियमावली २०८१ ले तोके बमोजिम रहनेछ ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण** :
यस कम्पनीमा हाल कर्मचारीको संख्या ३१८ रहेको छ र कर्मचारीको कार्य विवरण समय समयमा कम्पनीले तोके बमोजिम हुने छ ।

**४. निकायबाट प्रदान गरिने सेवा** :
कम्पनीको प्रबन्ध पत्र नियमावलीको अधिनमा रही जीवन बीमा व्यवसायसँग सम्बन्धित विभिन्न किसिमका जीवन बीमाका बीमालेख जारी गर्ने, बीमा दावी फछ्यौंट गर्ने, जीवन बीमाका अभिकर्ता तालिम संचालन गर्ने लगायतका सेवाहरू रहेका छन् ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी** :
यस कम्पनीले हालसम्म केन्द्रिय कार्यालय सहित **७६** वटा शाखाहरूबाट जीवन बीमा सेवा प्रदान गर्दै आएको छ। सेवा प्रदान गर्ने शाखाहरू तथा जिम्मेवार अधिकारीहरूको नामावली यस कम्पनीको वेव साईट www.licnepal.com.np उपलब्ध छ ।

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि** :
बीमा समितिबाट स्वीकृत विभिन्न बीमा योजना अर्न्तगत उमेरको आधारमा स्वीकृत बीमाशुल्क दर लागु गरी बीमालेख जारी गर्ने गरिएको छ। दावीको हकमा बीमा ऐन २०७९ र बीमा नियमावली २०८१ ले तोके बमोजिम गर्ने गरिएको छ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी** :
विषयबस्तुको प्रकृति हेरी शाखा प्रबन्धक, विभागीय प्रमुख, व्यवस्थापन समूह, विभिन्न समिति÷उप समिति, प्रमुख कार्यकारी अधिकृत र संचालक समितिले आवश्यक निर्णयहरू लिने गरिएका छन् ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी** :
उजुरीको प्रकृतिको आधारमा सम्बन्धित शाखा प्रमुख, विभागीय प्रमुख तथा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुनेछ ।

**९. सम्पादन गरेको कार्यको विवरण** :
बीमा ऐन २०७९, बीमा नियमावली २०८१ तथा बीमा समितिले तोके बमोजिम जीवन बीमासँग सम्बन्धित कारोवारहरूका सम्बन्धमा कम्पनीले सम्पादन गरेका वित्तिय कारोवारका विवरणहरू त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ। साथै कम्पनीको वेवसाइटमा पनि विवरणहरू राखिएका छन् ।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद** :
कार्यालय प्रमुखको नाम : **प्रणय कुमार**
सूचना अधिकारीको नाम : **सुदर्शन गिरी**
गुनासो सुन्ने अधिकारीको नाम : **जिरेनियम श्रेष्ठ**

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची** :
कम्पनी ऐन २०६३, धितो पत्र ऐन २०६३ तथा नियमावली २०६४, बीमा ऐन २०७९ तथा नियमावली २०८१,श्रम ऐन २०७४ तथा नियमावली २०७५, बोनस ऐन २०५८ तथा नियमावली २०५९ नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७३, सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी क्रियाकलाप वित्तिय लगानी निवारण निर्देशिका २०६९ तथा नेपाल बीमा प्राधिकरणबाट जारी अन्य निर्देशन, परिपत्र एवं कम्पनीको संचालक समितिबाट जारी नीति नियम तथा विनियमहरू ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण** :
कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणहरू त्रैमासिक रुपमा प्रत्येक त्रैमासिक समाप्त भएको ३० दिन भित्रमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने गरिएको र वेवसाइटमा समेत उपलब्ध गराइएको छ ।

**१३. तोकिए बमोजिमका अन्य विवरण** :
तोकिए बमोजिमका विवरणहरू निर्दिष्ट ढाँचामा तयार गरी सम्बन्धित निकायमा पठाउने गरिएको छ ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण** :
जीवन बीमा सम्बन्धि सचेतनामुलक कार्यक्रम, शाखा सम्मेलन, कर्मचारी तथा अभिकर्ता तालिम आदि ।

**१५. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण** : www.licnepal.com.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण** : नभएको ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन** :
कम्पनीले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको, कम्पनीको बार्षिक प्रतिवेदनमा उल्लेख गरिदै आएको र वेव साईटमा समेत रहेको छ ।

**१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि** : नभएको ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सोको उपर सूचना दिएको विवरण** : नभएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण** :
राष्ट्रियस्तरको पत्रपत्रिकामा तथा यस कम्पनीको वेव साईट www.licnepal.com.np

---


**LIC**
लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

**स्टार मल, चौथो तल्ला, पुतली सडक, काठमाडौं**
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५, Email: liccorporate@licnepal.com.np